बागमती प्रदेश सरकार

स्वास्थ्य निर्देशनालय

स्वास्थ्य मन्त्रालय

# बज्रबाराही चापागाउँ अस्पताल

# Bajrabarahi Chapagaun Hospital

गोदावरी न.पा. १, ललितपुर

Ph: 01-5570039, 01-5590524

बोलपत्र सम्बन्धि सूचना

प्रथम पटक प्रकाशित मिति २०८२/१०/२५

आ.व.२०८२/०८३ मा यस अस्पतालको फार्मेसी संचालनको लागि आवश्यक पर्ने औषधि जन्य वोलपत्रको माध्यमबाट खरिद गर्नुपर्ने भएको हुदा इच्छुक इजाजत प्राप्त सप्लायर्स तथा व्यवसायीहरुले रितपूर्वक को बोलपत्र तपशिलको शर्तहरु पालना हुने गरि सार्वजानिक खरिद अनुगमन कार्यालयको Website-www.bolpatra.gov.np/egp मार्फत अनिवार्य बोलपत्र खरिद गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ। वृस्तृत जानकारीको लागि अस्पताल को Web: bajrabarahihospital.bagamati.gov.np मा हेर्नु होला।

शर्तहरू

१. आ.ब. २०८२/०८३ का लागि कार्य गर्न पाइने नविकरण भएको इजाजतपत्र दर्ता, फर्म संस्था वा कम्पनी दर्ता प्रमाण पत्रहरु, मु.अ.कर दर्ता प्रमाणपत्रहरु वा स्थाई लेखा दर्ता प्रमाणपत्र आ.व.२०८१/८२ कर चुक्ता को प्रमाणपत्र पेश गर्नुपर्ने छ ।

२. बोलपत्र खरिद तथा पेश गर्नको लागि तपशिल अनुशारको बोलपत्र दस्तुर रकम उल्लेखित मिति र समयमा यस अस्पतालको नेपाल बैंक लिमिटेड मा रहेको खाता नं 27202000001001000001 कार्यालय कोड नं 3700134013 राजस्व शिर्षक नं. १४२२९ ( अन्य प्रशासनिक सेवा शुल्क) मा जम्मा गरेको बैंक भौचर पेश गर्नुपर्ने छ ।

३. बोलपत्र पेश गर्दा जमानत बापत तपशिल मा उल्लेखित रकम यस कार्यलयको कोड नं 3700134013 नेपाल बैंक लिमिटेड ललितपुर स्थित प्रदेश लेखा इकाईको कार्यालयको धरौटी खाता न. 01802000002003000001 मा जम्मा गरेको धरौटीको सक्कल बैंक भौचर वा कम्तिमा १२० दिन म्याद भएको यस अस्पतालको नाममा जारी भएको विड वण्ड पेश गर्नु पर्नेछ ।

४. बोलपत्र तपशिलमा उल्लेखित मिति र समय मा सार्वजनिक खरिद अनुगमन कार्यालयको website:- www.bolpatra.gov.np/egp मार्फत अनिवार्य रुपमा पेश गर्नु पर्ने छ

५. Upload भएका बोलपत्रहरु तपशिलमा उल्लेखित मिति र समयमा यस अस्पताल मा बोलपत्र दाता वा निजको प्रतिनिधिको रोहवरमा खोलिने छ प्रतिनिधि उपस्थित नभए पनि बोलपत्र खोल्न बाधा पर्ने छैन । बोलपत्र खरिद गर्ने वा दाखिला गर्ने अन्तिम दिन बिदा पर्न गएमा सो को भोलि पल्ट क्रमशः उक्त कार्य हुनेछ ।

६. बोलपत्र दाताले कबोल गरेको प्रत्येक आइटमको दररेटलाई (मु.अ. कर बाहेक ) अंक र अक्षरमा स्पस्ट संग उल्लेख गर्नु पर्ने छ । अंक र अक्षर मा उल्लेखित दर रेट मा भिन्नता भएमा अक्षर लाइ मान्यता दिइने छ ।

७. बोलपत्र दाता ले कबोल गरेको बोलपत्रमा तोकिएको परिणाम मापदण्ड अनुसार र समय मा सामान सप्लाई गर्न नसके मा बजार बाट सिधै खरिद गरिने छ । त्यसरी खरिद गर्दा बोलपत्रमा उल्लेख गरिएको मुल्य भन्दा बढी पर्न गएमा बोलपत्र दाताको धरौटी रकम र भुक्तानी गर्न बाकी रकम बाट असुल उपर गरिने छ ।

नेपाल सरकार
स्वास्थ्य निर्देशनालय
स्वास्थ्य मन्त्रालय
बज्रबाराही चापागाउँ अस्पताल
Bajrabarahi Chapagaun Hospital
गोदावरी नगरपालिका, १४ ललितपुर
Ph: 01-5574035, 01-5570524

८. सामान्यतया सप्लाई गरिने सम्पूर्ण औषधि तथा औषधि जन्य सामग्रीहरुको म्याद गुज्रने मिति Expiry Date (विशेष परिवेश अथवा विशेष प्रकृतिको औषधि वाहेक) कम्तिमा १८ महिनाको अथवा ७५% (पचहत्तर प्रतिशत) म्याद बाकि रहेको हुनुपर्ने छ साथै सम्पूर्ण औषधिहरु WHO GMP Certify हुनुपर्ने छ । अन्यथा मूल्यांकनमा समावेश गरिने छैन ।

९. आपूर्ति हुने औषधीहरुको प्रत्येक व्याचको गुणस्तर जांच प्रतिवेदन नया ब्याचको औषधी आपूर्ति गर्दा संगै पेश गर्नुपर्ने छ ।

१०.कुनै बोलपत्र स्वीकृत गर्ने वा नगर्ने अथवा आंशिक रुपमा स्वीकृत गर्ने, आइटम वाइज रुपमा स्वीकृत गर्ने सम्पूर्ण अधिकार यस अस्पतालमा सुरक्षित रहने छ ।

११.बोलपत्रदाताले खरिद कार्यमा भाग लिन अयोग्य नभएको, प्रस्तावित खरिद कारवाहीमा आफ्नो स्वार्थ नबाझिएको वा व्यवसाय सम्बन्धि कसुरमा आफुले संजाय नपाएको भनि स्व घोषणा पेश गर्नुपर्ने छ । त्यस्तो स्वयं घोषणा सूचना प्रकाशन मिति भन्दा पछाडिको हुनुपर्ने छ ।

१२.औषधि जन्य सामग्रीको हकमा मुल्य अभिवृद्धि कर वा स्थाई लेखा न. अनिवार्य हुनुपर्ने छ र सर्जिकल सामग्रीको हकमा मूल्य अभिवृद्धि कर दर्ता अनिवार्य हुनु पर्ने छ ।

१३.शर्त रहेको, रित नपुगेको तथा म्याद नाघी आएको बोलपत्र उपर कुनै कारवाही हुने छैन, एक व्यक्ति वा संस्थाको नाममा खरिद गरिएको बोलपत्र अर्को व्यक्ति वा फर्मको नाममा जम्मा गर्न पाइने छैन

१४.औषधि तथा औषधि जन्य सामग्रीहरुको Molecule, ब्राण्ड नाम, कम्पनी गुणस्तरीयताको आधारमा सामग्रीको उल्लेख गर्नुपर्ने छ ।

१५.बोलपत्रदाताले औषधिको हकमा कम्पनि र MRP अनिवार्य रुपमा खुलाउनु पर्ने छ साथै बोलपत्रमा उल्लेख गरिएका औषधिहरुको सम्बन्धित औषधि कम्पनि बाट अनिवार्य रुपमा Manufacturer Authorization Letter पेश गर्नु पर्ने छ अन्यथा यी औषधिहरु बोलपत्र मूल्यांकनमा समावेश गरिने छैन ।

१६.बोलपत्रदाताले Manufacturer Authorization Letter पेश गर्दा स्पस्ट रुपमा बज्रबाराही चापागाउँ अस्पतालको नाममा पत्र चलान भएको हुनुपर्ने छ साथै सो Manufacturer Authorization Letter मा सम्बन्धित आपुर्तिकर्ताको फर्मको पनि नाम सहित किटान भएको हुनुपर्नेछ, यदि सो अनुसारको Authorization Letter समावेश नभएमा यस अस्पतालले सो औषधी मुल्यांकन मा समाबेश गर्न बाध्ये हुने छैन ।

१७.बोलपत्र दाताले औषधी तथा औषधी जन्य सामग्री सर्जिकल (सप्लाई गर्दा समय सिमा एक आर्थिक वर्षको) आ.ब.२०८२/०८३ (को हुने छ तर आ.व. २०८२/०८३ को टेन्डर भए पनि अर्को ) आ.व.२०८३/०८४ को टेन्डर प्रक्रिया पुरा भइ औषधी तथा औषधी जन्य सामग्री (सर्जिकल) सप्लाई नहुदा सम्म अस्पताललाई आवश्यक परेको औषधी तथा औषधी जन्य सामग्री ) सप्लाईदिनु पर्ने छ ।

१८.सप्लाई गरिने सम्पूर्ण सामानहरु स्पेसिफिकेसन बमोजिमको उच्च गुणस्तर को हुनुपर्नेछ । बोलपत्रमा उल्लेखित सामानहरु पटक पटक वा एक मुष्ठ रुपमा अस्पतालको आवश्यकता अनुसार खरिद गरिने छ । खरिद गरिने सामान

बागमती प्रदेश सरकार
स्वास्थ्य निर्देशनालय
स्वास्थ्य मन्त्रालय

# बज्रबाराही चापागाउँ अस्पताल

## Bajrabarahi Chapagaun Hospital

गोदावरी न.पा. ११, ललितपुर
Ph: 01-5574035, 01-5570524

अस्पतालको आवश्यकता अनुसार कम वा बढी अथवा खरिद नगर्न पनि सक्नेछ तर बढी वा कम खरिद भएको सामानको लागि दरभाउमा कुनै परिवर्तन गरिने छैन ।

१९. बोलपत्रको प्रत्येक पानामा फर्मको छाप र आधिकारिक व्यक्तिको दस्तखत भएको हुनुपर्ने छ।

२०.बोलपत्रदाताको सम्बन्धित जिल्लामा सम्पर्क कार्यालय को व्यवस्था गर्नुपर्ने छ साथै बोलपत्रदाताले इमेल, फोन न. पेश गर्नुपर्ने छ ।

२१.बोलपत्र मुल्यांकन गर्दा अस्पतालले आवश्यक ठानेमा नमुना औषधि माग गरि सो को आधारमा मुल्यांकन गर्न सक्ने छ ।

२२.पेश भएको बोलपत्रको हार्डकपि बोलपत्र खोल्ने दिन बाट ५ दिन भित्र यस कार्यालको जिन्सी शाखामा बुझाउनु पर्ने छ ।

२३.सम्झौता गरि समयमा सामान सप्लाई नगर्ने फर्म लाई नियमानुसार कालो सुचिमा दर्ताको लागि सम्बन्धित निकायमा लेखिपठाइने छ

२४.यसमा नपरेका कुराहरु सार्वजनिक खरिद एन २०६३ र सार्वजानिक खरिद नियमावली २०६४ अनुसार हुने छ ।

२५.थप जानकारीका लागि यस अस्पतालको जिन्सी शाखामा ( ९८५१४२६३२२ /९८५१३८०१६२) मा सम्पर्क राख्न सकिने छ ।

| सि.नं | ठे.न | विवरण | धरौटी रकम | बोलपत्र दस्तुर | बोलपत्र खरिद गर्ने अन्तिम मिति | बोलपत्र दाखिला गर्ने अन्तिम मिति | बोलपत्र खोल्ने मिति | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | BCH/NCB/GOODS/ MS/01/082/83 | फार्मेसी संचालनको लागि औषधि खरिद गर्न | २,३३,१२५/- | ३०००/- | ३०औं दिनको बैंकिङ समय अगाडी | ३१औं दिनको १२ बजे अगाडी | ३१औं दिनको २ बजे | |

डा. लक्ष्मण खड्का
मेडिकल सुपरिटेन्डेन्ट